# बर्जु गाउँपालिका
# गाउँकार्यपालिकाको पन्ध्रौं कार्यपालिका बैठक

मिति : २०७६।०६।१३

स्थान : बर्जु गाउँपालिकाको कार्यालय

समय : विहान १.३० बजे

आज मिति २०७६ साल असोज १३ गते सोमबारका दिन यस वर्जु गाउँपालिकाको अध्यक्ष श्री रघुन्नदन चौधरी ज्यूको अध्यक्षतामा बैठक बसी प्रस्तुत प्रस्तावहरुमा छलफल भई निम्न निर्णय गरियो ।

<u>निर्णयहरु</u>

**निर्णय नं. १**

प्रस्ताव नं. १ मा छलफल गर्दा आ.व. ०७६/०७७ को जिल्ला दररेट लाई नै यस आ.व. ०७६/०७७ को लागि स्वीकृत गर्ने निर्णय गरियो साथै तपसिल बमोजिमको दररेट कार्यवन्यन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

फलामे डंडी (टोर / टिएमटी बार) ४.७५ mm - २५ mm Diameter = रु.७२ (भ्याट बाहेक)

**निर्णय नं. २**

प्रस्ताव नं. २ मा छलफल गर्दा यस गाउँपालिकाको आ.व. ०७५।०७६ को आ.ले.प. कोष तथा लेखा नियन्त्रक कार्यालय सुनसरी बाट गरा उने निणर्य गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस बर्जु गाउँपालिका अन्तरगत का सामुदायिक विद्यालयको आ.व. ०७५/०७६ को आन्तरिक लेखा परिक्षणको लागि ले.पे गर्ने गाराउने निर्णय गरियो साथौ ले.प. नगर्ने विद्यालयको दोस्रो चौमासिकको निकाशा रोक्का राख्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा संविधान दिवस तथा गाउँसभा सार्वजनिकीकरण कार्यक्रमको समिक्षा गर्दा समर्गमा कार्यक्रम उपलब्धी मुलक एवं सन्तोष जनक रहेको निणर्य गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस आ.व. २०७६।७७ मा संचालन भई सम्पन्न भएका तपशिलका कार्यक्रमहरुको नियमानुसार भुक्ताती दिने निर्णय गरियो ।

तपसिल

- विपद
- रातो किताब छपाई
- विद्यालय सरसफाई अभिमुखीकरण
- विद्यालय निशुल्क प्याड वितरण
- ईन्धनको भुक्तानी सम्बन्धमा
- गर्भवति महिला तथा सुत्केरी महिलाको लागि क्याल्सियम तथा फोलिक एसिड नि:शुल्क वितरणको खरिद भुत्तानी सम्बन्धमा ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ मा छलफल गर्दा चालु आ.व.को पुर्वाधार विकास सम्वन्धि योजना संचालन लाई व्यवस्थीत र प्रभावकारी ढङ्गले सन्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ मा छलफल गर्दा गत आ.व. २०७५।७६ मा गाउँपालिको सँग सम्झौता गरि ४ थान सडक सोलार बत्तीहरु आपुर्ती गर्ने श्री बराह गोबर ग्यास तथा बैकल्पीक उर्जा प्रवधन

केन्द्र सामाखुसी काठमाडौँ ले सडक बत्ती जडान गरि भुक्तानी लिई गएको दिन देखि कुनै सोलार बत्तीहरु नबलेको र पटक पटक सम्पर्क गर्न खोजदा समेत सम्पर्क विहिन रहेको हुदा सो कम्पनी लाई कारवाहीको लागि बैकल्पीक उर्जा प्रवधन केन्द्रमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ मा छलफल गर्दा नजिकीदै गरेको महानचाड विजया दशमी, तिहार, छैठ को उपलक्ष्यमा सम्पुर्ण गाउँसभा सदस्य, राष्ट्रसेवक कर्मचारी तथा आम बर्जु वासिमा हार्दिक मंगलमय सुभकामना गर्ने निर्णय गरियो ।